## तेह्र



**पी खरेल**

**पी खरेल** रत्नराज्यलक्ष्मी क्याम्पसमा पत्रकारिता तथा आमसञ्चार विषयका प्राध्यापक हुनुहुन्छ । उहाँले वि.सं. २०३० मा *द राइजिङ्ग नेपाल*बाट पत्रकारिता सुरु गर्नुभएको थियो । पछि त्यसै पत्रिकामा प्रधानसम्पादक पनि हुनु भयो । इतिहासमा स्नातकोत्तर तथा पत्रकारितामा डिप्लोमा गर्नुभएका खरेल लामो समयदेखि पत्रकारिता शिक्षण/प्रशिक्षणमा संलग्न हुनुहुन्छ । यसबीचमा उहाँले फ्रेडेरिक इबर्ट स्टीफटुङ्गको नेपाल कार्यालयमा सञ्चार सल्लाहकार, नेपाल प्रेस इन्स्टिच्यूटमा कार्यक्रम संयोजक तथा राष्ट्रिय समाचार समितिमा अध्यक्षको जिम्मेवारी पूरा गरिसक्नुभएको छ । खरेलले मिडियासम्बन्धी तीनओटा पुस्तक– *साउण्डस् अफ रेडियो ब्रोडकास्टिङ, अ स्टडी अफ जर्नालिज्म* र *डाइमेन्सन्स् अफ कम्यूनिकेसन* लेख्नुभएको छ भने मिडियाबारेकै दसओटा पुस्तक सम्पादन, सह-सम्पादन र सह-लेखन गर्नुभएको छ ।

**नेपालमा २०३३ सालदेखि प्रमाणपत्र तहमा र २०३८ सालदेखि स्नातक तहमा पत्रकारिताको अध्यापन सुरु भएको हो। २०५८ सालदेखि एकै चोटि तीनओटा शिक्षण संस्थाले स्नातकोत्तर तहको पढाइ सुरु गरे। स्नातकोत्तरको पढाइ किन ढिलो गरी सुरु भएको होला ?**

वास्तवमा नेपालमा स्नातक तहको पत्रकारिताको अध्यापन पाटन क्याम्पसमा २०३६ सालदेखि सुरु भएको हो । त्यहाँ म पूर्णकालीन शिक्षक थिएँ र गोकुल पोखरेल आंशिक शिक्षक हुनुहुन्थ्यो । दुई वर्षपछि रत्नराज्यलक्ष्मी क्याम्पसमा नै स्नातक तहको पढाइ सुरु भएकोले पाटनबाट सो विषय हटाइयो र मेरो पनि सरुवा भयो । जहाँसम्म स्नातकोत्तरको पढाइको कुरा छ, त्रिभुवन विश्वविद्यालयले त्यसमा आवश्यक पर्ने न्यूनतम पूर्वाधार (शिक्षक, पुस्तकालय, प्रयोगशाला इत्यादि) लाई ध्यान दिएर त्यत्ति समय लागेको हुनुपर्छ । साँच्चै भन्ने हो भने, अहिले पनि पत्रकारिता केन्द्रीय विभागको अवस्था अन्य कुनै पनि केन्द्रीय विभाग भन्दा नाजुक छ ।

**नेपाली विश्वविद्यालयको पाठचक्रम र बाहिरका विश्वविद्यालयका पाठचक्रममा कस्तो भिन्नता छ ? यहाँका विद्यार्थीले सैद्धान्तिक ज्ञान बढी, व्यावहारिक ज्ञान कम पाउँछन् भन्ने गरेको पाइन्छ। के यो साँचो हो ? हो भने व्यावहारिक ज्ञानलाई किन कम महत्त्व दिइएको होला ?**

भारत, बङ्गलादेश र केही अमेरिकी विश्वविद्यालयका शिक्षकहरूसँगका अन्तर्क्रियामा हाम्रो पाठचक्रम राम्रै मानिएको पाइयो । मुख्य कुरा तालिम दिने विषय मात्र नभएर विश्वविद्यालयको अध्ययन प्राज्ञिक स्तरको हुन्छ । अध्ययन विस्तृत तथा व्यावहारिक हुनुपर्छ । त्रिवि अन्तर्गतको पत्रकारिता विषयको पाठचक्रम पर्याप्तै छ तर परिमार्जन भने गर्दै लैजानुपर्छ । त्यसैले होला यो विषय अध्ययनको लागि विद्यार्थीहरूमा ठूलो रुचि छ । तर स्नातक तहमा प्रयोगात्मक अंश पनि भएकोले, त्रिविको चालू नियमले अन्य संस्थामा जस्तो एकै पटक स्नातकोत्तर तहमा विद्यार्थीले प्रवेश पाउँदैनन् । यसले गर्दा धेरै कार्यरत पत्रकारहरू अध्ययनबाट वञ्चित भएको दुखेसो गर्छन् । उनीहरूले उठाएका कुरा शतप्रतिशत जायज छ । कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरेका र केही वर्ष सक्रिय पत्रकारिता गरेका व्यक्तिलाई पनि स्नातकोत्तर तहमा प्रवेश दिनु उचित हुन्छ ।

**जनशक्ति, प्रविधि र भौतिक साधनका हिसाबले त्रिविको पत्रकारिता पढाइ कस्तो अवस्थामा छ ?**

मुलुककै सबैभन्दा बढी अनुभव भएका पत्रकारिता विषयका शिक्षकहरू छन् । लाल देउसा राई प्रमाणपत्र तहको पढाइ २०३३ सालमा सुरु भएदेखि स्नातक तह हुँदै आज स्नातकोत्तर तह भइसक्दा पनि अध्यापनमा संलग्न हुनुहुन्छ । म आफैँ पनि स्नातक तहको पढाइ सुरु गर्न २०३६ सालमा संलग्न भएँ । स्नातकोत्तर तहको पढाइ सुरु गर्दा केन्द्रीय विभागको प्रमुख रहेर पनि काम गरेँ र अध्यापन अहिले पनि गरिरहेकै छु । अन्य शिक्षकहरूसँग पनि लामो अनुभव छ । तर शिक्षकको सङ्ख्या साह्रै न्यून भएकोले चाप धेरै छ । प्रयोगशालाको अवस्थामा निकै सुधार्नुपर्ने छ । अन्य पूर्वाधारमा पनि कमी छ । आशा गरौँ, एक-दुई वर्षमा हालको स्थितिमा सुधार आउँनेछ । यस विभागबाट उत्तीर्ण धेरै विद्यार्थीहरू विभिन्न संस्थामा संलग्न भएको हिसाबले समग्रमा पढाइको स्तरबारे स्वतः स्पष्ट हुन्छ ।

**रेडियो स्टेसन, कम्प्युटर जस्ता भौतिक साधन भएर पनि उपयोग गर्न नसकिएको अवस्था किन भइरहेको होला रत्नराज्य क्याम्पसमा ?**

रेडियो स्टेसन त छैन । स्टुडियो एउटा छ । एफएम स्टेसन सञ्चालनको लागि लाइसेन्स प्राप्त भएको पनि एक वर्ष नाघेको छ । सञ्चालनको लागि चाहिने पूर्वाधार तथा कर्मचारी दरबन्दी जस्ता कारणले ढिलाइ भएको छ । स्नातक तहका विद्यार्थीलाई पनि समावेश गर्नुपर्ने आवश्यकताले पूर्वाधार दरिलो हुन जरुरी छ । स्नातक तहमा दुई सयभन्दा बढी विद्यार्थीलाई समेट्नुपर्ने हुन्छ । मैले बुझेसम्म, एक वर्षभित्र रेडियो स्टेसन सुरु हुन सक्छ । कम्प्युटर प्रयोग भनेको प्रयोगको लागि प्रयोग होइन । विद्यार्थीहरूलाई कम्प्युटर प्रयोग गर्नबाट वञ्चित गरिएको जस्तो भने लाग्दैन । विस्तृत जानकारीका लागि विभागीय प्रमुखसँग सम्पर्क गर्नु आवश्यक होला ।

**तपाईं पत्रकारिताको तालिम दिने संस्था नेपाल प्रेस इन्स्टिच्यूट र पत्रकारिताको औपचारिक पढाइ हुने रत्नराज्य क्याम्पस दुवैसँग सम्बद्ध हुनुहुन्छ । सिपालु पत्रकार बन्नका लागि तपाईं तालिम बढी लाभदायक देख्नुहुन्छ कि विश्वविद्यालय स्तरको अध्ययन ?**

म आफैँले पत्रकारिताको तालिम लिएर सुरु गरेको होइन । पाँच वर्ष *राइजिङ नेपाल*मा उप-सम्पादक पदमा रहेपछि २०३५ सालमा बेलायतमा पत्रकारितामा डिप्लोमा गरेको हुँ । पत्रकारिता र विशेषतः आमसञ्चार विषयका विज्ञहरू सबैले न त पहिले तालिम लिएर पछि पत्रकारितामा लागे, न त सबैले पहिले पत्रकारितामा लागेर पछि अध्ययनमा लागे । विशुद्ध पत्रकारिताका लागि कुनै खास तहको

शैक्षिक अध्यापन र तालिम राम्रो हुन्छ । पत्रकारिता तथा आमसञ्चारको अध्ययनले खोज, गहन अध्ययन गर्ने कार्यमा सहयोग पुऱ्याउँछ । विद्यमान पत्रकारिताका बारेमा विस्तृत अध्ययनबाट नै नयाँ विचार र नयाँ अभ्यासको अवसर पाउन सकिन्छ । विश्वविद्यालयको अध्ययन तालिमको लागि मात्र भने होइन । साथै, आमसञ्चारको पढाइ पत्रकारितामा मात्र केन्द्रित हुँदैन ।

**नेपाल प्रेस इन्स्टिच्यूटले दिने तालिम कस्तो हो ? दसमहिने तालिमलाई एकवर्षे किन बनाउनुपरेको हो ? अचेल त पत्रकारिताका तालिम दिने संस्था प्रशस्तै छन् । लामो समय नेपाल प्रेस इन्स्टिच्यूटमा आबद्ध भएको हिसाबले यसले दिने तालिमबारे तपाईंको मूल्याङ्कन के हो ? यसको तालिम अरूको भन्दा भिन्न छ कि छैन ?**

हुन त म त्यस संस्थाले १९८४ मा रत्नराज्यलक्ष्मी क्याम्पसको एउटा कक्षामा तालिम सुरु गरेदेखि निरन्तर रूपमा प्रशिक्षकको भूमिका प्राप्त गर्दै आएको छु । पछिल्ला दिनहरूमा पाठ्यक्रममा गरिएका परिवर्तन/विस्तारका विस्तृत कारण थाहा छैन । दस महिनाबाट एकवर्षे कार्यक्रम गरिएको कारण प्रशिक्षार्थीहरूलाई थप अध्ययनको अवसरका लागि हो । तर अहिले आएर 'आधारभूत' र 'एडभान्स्' भनेर दुई ग्रेडको पाठ्यक्रम सुरु गरिँदैछ । आधारभूत पत्रकारिता विषयमा तालिम दिने संस्थाहरूमध्ये निश्चय नै नेपाल प्रेस इन्स्टिच्यूट सबैभन्दा अगाडि छ । अन्य धेरै संस्थाले यसको नक्कल गरेको पनि पाइन्छ । इन्स्टिच्यूट नै अगुवा संस्था भएकोले, यो संस्था अरूभन्दा के कुरामा फरक छ भन्नुभन्दा पछि देखिन थालेका संस्थाहरूले नेपाल प्रेस इन्स्टिच्यूटभन्दा के नयाँ कुरा दिएका छन् भनेर अध्ययन गर्नु ठीक होला । नेपाल प्रेस इन्स्टिच्यूटको तालिम बढी स्तरीय छ र यसमा संलग्न प्रशिक्षकहरूको सीप र अनुभवले नै यो कुरा प्रस्ट्याउँछ ।

**नेपाल प्रेस इन्स्टिच्यूटको तालिममा प्रसारण पत्रकारितालाई कम महत्त्व दिइएको पाइन्छ किन ?**

आधारभूत पत्रकारिताको तालिममा प्रसारण पत्रकारितालाई कम महत्त्व दिएको भन्न मिल्दैन । यसले छापा तथा प्रसारण पत्रकारिता दुवैका साझा बुँदाहरू समेटेको हुन्छ ।

**नेपाल प्रेस इन्स्टिच्यूट सुरु भएको २० वर्ष पुगिसकेको छ र प्रशस्तै प्रशिक्षार्थीले यसबाट लाभ लिएका छन् । विभिन्न क्षेत्रमा क्षेत्रीय सञ्चार स्रोत केन्द्र पनि स्थापना भएका छन् । तर यति लामो अवधि पार गरे पनि यसले गर्ने कामको दायरा त सुरुको भन्दा बढेको पाइँदैन नि । किन होला ?**

सन् १९८४ देखि १९९४ सम्म नेपाली पत्रकारिता क्षेत्रको परिस्थिति एक खालको थियो । सन् १९९५ देखि अहिलेसम्म अर्को खालको । तपाईंले सङ्केत गरे जस्तो, नेपाल प्रेस इन्स्टिच्यूट जस्तो संस्थाले दायरा फराकिलो पार्नु जरुरी मात्र होइन, अति जरुरी छ ।

**नेपाल प्रेस इन्स्टिच्यूटका प्रकाशनमा नयाँ पुस्ताका लेखकले स्थान कमै पाएका छन् । यसले तालिम दिएका प्रशिक्षार्थी मात्रै गन्ने हो भने पनि नयाँ पुस्ताको ठूलो जमात त यसको पहुँचमा छन् नि । पुस्तक प्रकाशनका क्रममा तिनको क्षमताको उपयोग गर्न किन नसकिएको होला ?**

हुन त यसबारे त्यहाँका पदाधिकारीहरूले राम्ररी व्याख्या गर्न सक्लान् । तर गहन विषयमा पुस्तक प्रकाशन गर्दा, यो पुस्ता र ऊ पुस्ता भन्न मिल्ला र ? तर इन्स्टिच्यूटले प्रकाशित गरेका पुस्तक लेखकहरूको सङ्ख्या हेर्दा सबैभन्दा बढी आमसञ्चार विषयमा लेख्ने लेखकहरूको सङ्ख्या इन्स्टिच्यूटका प्रकाशनहरूमा संलग्न भएको देख्छु । भावी दिनमा भने के हुन्छ म भन्न सक्दिनँ । अधिकांश लेखक दोहोरिएका छैनन् । नयाँ पुस्ताका योग्य व्यक्तिले पनि स्थान पाउनु राम्रो हुन्छ ।

**पुस्तक लेखन⁄सम्पादनमा पनि तपाईं लागिरहनु भएको छ ? तपाईंले लेखेका पुस्तकहरू विद्यार्थीको औपचारिक अध्ययनलाई सघाउने पाठ्यपुस्तक जस्ता देखिन्छन् । किन पाठ्यपुस्तक लेखनलाई प्राथमिकता दिनुभएको हो ?**

आफू २०३० सालदेखि पत्रकारिता क्षेत्रमा लागेको र २०३६ सालदेखि निरन्तर रूपमा पत्रकारिता विषयको शिक्षक पनि भएको नाताले औपचारिक अध्ययनका लागि उपयुक्त हुने खालका किताब सम्पादन⁄सहलेखक भएको हुँ । नेपालमा पाठ्यपुस्तकको सङ्ख्या अझै पनि निकै कम छ । नेपाल प्रेस इन्स्टिच्यूट, नेपाल आमसञ्चार प्रशिक्षक सङ्घ र मार्टिन चौतारीले यस क्षेत्रमा पुऱ्याएको योगदान स्वागतयोग्य छ । तर धेरै गर्न बाँकी छ ।

**पछिल्ला वर्षहरूमा मिडियासम्बन्धी धेरै पुस्तक प्रकाशित भइरहेका छन् । मिडिया पठनपाठनका लागि तिनको केही उपादेयता देख्नुहुन्छ ? अथवा तिनको गुणस्तर, प्रकार, समेटेको विषयवस्तु आदिका आधारमा ती कस्ता छन्, केही भन्न सकिन्छ ?**

त्यस्ता पुस्तक देखिनु राम्रै हो । तीमध्ये केही साह्रै राम्रा छन् । अध्ययन, अनुसन्धान, अभिव्यक्ति इत्यादिका लागि यस्ता पुस्तकको उपादेयता हुन्छ । स्तर

र विषय हेर्दा समग्रमा माथि उल्लेख गरेका संस्थाहरूको अग्रणी भूमिका रहेको छ।

**नेपालमा मिडिया अनुसन्धानको अभ्यास कसरी भइरहेछ? त्यसप्रति तपाईंको मूल्याङ्कन के हो?**
त्यस्तो अध्ययन अति कम छ। केही संस्थाले विदेशी अनुदानमा गरेका अध्ययन स्तरीय नभएका र रीत मात्र पुऱ्याउन गरिएको पाइएको छ। स्तरको कुरा गर्दा वर्तमान परिप्रेक्ष्यमा सायद मार्टिन चौतारी अगाडि छ।

**नयाँ पुस्तालाई मिडिया अनुसन्धान गर्न सिकाउने एउटा अवसर विश्वविद्यालयमा स्नातकोत्तर तहमा गरिने शोधकार्य हो। पत्रकारिता तथा आमसञ्चार विषयको स्नातकोत्तरका लागि शोधपत्र अनिवार्य छ। तर यसको गुणस्तर भने कमजोर भएको पाइन्छ। किन त्यसो भइरहेको छ? पत्रकारितामा गरिने शोधलाई उत्कृष्ट बनाउने कस्ता प्रयास भएका छन्?**
विद्यार्थीले तीन महिनामा तयार गर्ने शोधकार्यको आफ्नै सीमा हुन्छ। नेपालमा आमसञ्चार विषयमा अध्ययन खासै नभएको अवस्थामा विद्यार्थीहरूले तयार गरेका शोधकार्य नराम्रा छैनन्। उत्कृष्ट पार्न विद्यार्थीको आफ्नै जाँगर र लगनशीलता तथा सम्बन्धित विज्ञहरूको निर्देशनको पनि प्रभावकारी भूमिका हुन्छ।

**नेपाली पत्रकारिता पक्षपाती भयो भन्ने आरोप तपाईंको लेखनमा धेरै नै पाइन्छ। कस्तो खाले पक्षपाती छ भन्न खोज्नुभएको हो? यसलाई सुधार गर्ने उपाय के हुन सक्छ?**
दलगत वा अन्य निहित स्वार्थ उन्मुख पत्रकारिताले व्यावसायिकतामा ठूलो असर पार्छ। समाचारमा शुद्धता तथा सन्तुलन कायम हुँदैन भने विश्वसनीयतामा असर पार्छ। साथै समाज सही समाचारबाट वञ्चित हुन्छ। सुधारका लागि *साप्ताहिक विमर्श*ले केही समयदेखि गर्दै आएको आह्वान उपयोगी हुन्छ– दलको सदस्यतारहित पत्रकारिता। यसमा पत्रकारहरूका सङ्गठनहरू– विशेषतः सरकार वा विदेशबाट सहयोग प्राप्त गरेका –ले सक्रिय र सकारात्मक भूमिका खेल्न सक्छन्।

**२०६१ माघ १९ मा राजाले सत्ता खोसेपछि सरकार पक्षबाट नेपाली मिडिया नराम्ररी प्रभावित बनेको थियो। त्यसबेला समाचारमाथि सेन्सर लगाउने, एकद्वार विज्ञापन नीति ल्याउने जस्ता काम मात्र भएनन्, रेडियो स्टेसनबाट**

**उपकरण लुट्नेसमेत काममा सरकार सहभागी देखियो। तर यसै सन्दर्भमा तपाईंले एउटा अन्तर्वार्ताको क्रममा गलत प्रवृत्तिको पत्रकारिता नाजुक स्थितिमा पुगेको भए पनि व्यावसायिक पत्रकारितालाई केही फरक परेको छैन भन्नुभएको थियो (राष्ट्रिय पत्रकार महासङ्घ नेपालको प्रथम महाधिवेशन स्मारिका २०६२)। के आधारमा यस्तो विश्लेषण गर्नुभएको थियो ? त्यस बेलाको कस्तो पत्रकारितालाई व्यावसायिक पत्रकारिता भन्न खोज्नुभएको हो ?**

शेरबहादुर देउवाको सरकारले लगाएको सङ्कटकाल र राजाले सत्ता लिएपछिको सङ्कटकालमा पत्रकारिता क्षेत्र सङ्कटमा परको हो। भावी दिनमा सङ्कटकाल लगाउनुपर्ने अवस्थामा पत्रकारिता क्षेत्रले दुःख भोग्नु नपरोस् भनेर आवश्यक कानुनी व्यवस्था मिलाउन अझै बाँकी छ। रेडियो उपकरण पनि सरकारले खोस्यो। तै अदालतले फिर्ता गर्न आदेश दियो। सङ्कटकालीन अवस्थामा बाहेक अन्य अवस्थामा पहिलेदेखि गर्दै आएको पत्रकारितालाई खास असर परेको मैले देखिनँ। त्यस बेला प्रकाशित/प्रसारित नेपाली समाचार माध्यमका सामग्रीले यही देखाउँछ। जहाँसम्म विज्ञापन नीतिको कुरा छ, जुनसुकै सरकारले कुनै खास मापदण्ड बनाएर पारदर्शी किसिमले विज्ञापन वितरण गर्न सक्छ। सबै सरकारी विज्ञापन एक द्वारबाट वितरण गर्ने सिद्धान्त बेठीक होइन। कुरो नियत र अपारदर्शिताको हो। यसमा सबै सजग हुनुपर्छ।

**शाही शासनकालमा तत्कालीन सत्ताका पक्षमा लागेका पत्रकारको समूहका रूपमा राष्ट्रिय पत्रकार महासङ्घ देखा परेको थियो। तपाईं त्यसको अध्यक्ष किन बन्नुभयो ?**

म राजावादी वा दलीय पत्रकारहरूको संस्था भनेर अध्यक्ष बनेको होइन। राष्ट्रिय पत्रकार महासङ्घका सदस्यहरूले सर्वसम्मतले बेजोड प्रस्ताव गरेकाले सो पद स्वीकारेको हुँ। त्यो न त कानुन विपरीत थियो, न त त्यस संस्थाको विधान र कार्यसमितिको निर्णयहरूमा राजालाई वा कुनै दललाई समर्थन गर्ने भनी उल्लेख छ। अवश्य पनि त्यहाँ राजालाई पूर्ण रूपमा समर्थन गर्ने पत्रकारहरूको सङ्ख्या धेरै थियो। जस्तै, प्रेस चौतारीमा नेकपा एमाले सदस्य/समर्थक छन्। नेपाल प्रेस युनियन त नेपाली काङ्ग्रेसको आधिकारिक भातृ सङ्गठन नै हो। नेपाल पत्रकार सङ्घमा हजारौं सदस्य एउटा न एउटा दलमा छन्। केही दलीय पत्रकारितामा विश्वास गर्ने पत्रकारहरू भने मेरो निर्णयबाट बेखुश भएको पाएको छु। म स्वयं कुनै पनि विषयलाई त्यसका गुण र दोषका आधारमा विश्लेषण गर्छु। स्वतन्त्र हुँ।

**विदेशी दातृ संस्थामा मिडिया सल्लाहकारका रूपमा काम गरेको अनुभव पनि छ तपाईंसँग। नेपाली मिडिया क्षेत्रको प्रवर्द्धनका लागि भनेर विदेशी दातृ संस्थाले आर्थिक सहयोग गरिरहेका छन्। के त्यसको सदुपयोग नै भएको छ त? अहिले भएको अभ्यासमा सुधार्नुपर्ने कुरा केही छ कि?**
रत्नराज्य क्याम्पसमा बिहान स्नातक तह प्रथम, द्वितीय र तृतीय वर्षका, स्नातकोत्तर तहका प्रथम र द्वितीय वर्षका र दिउँसो र साँझमा प्रमाणपत्र तहका प्रथम र द्वितीय वर्षका जम्मा ९०० विद्यार्थी पत्रकारिता विषयमा अध्ययन गर्छन्। यसका लागि शिक्षकहरूको पारिश्रमिक खर्च वार्षिक १३-१४ लाख रुपियाँ होला र अन्य खर्च ५-६ लाख। विदेशी दातृ संस्थाहरूले एउटै संस्थालाई एक करोडदेखि ७-८ करोडसम्म दिएको सुनिन्छ। यस्ता सहयोगको दाँजोमा नतिजा सन्तोषजनक छैन। नेपालीको नाममा यस्ता सहयोग प्राप्त हुने भएकोले प्रापक संस्थाहरूलाई खर्च विवरण आम नागरिकले चाहेको बेला जानकारी दिनुपर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्छ। तर गरिँदैन।

**तपाईं नेपाल आमसञ्चार प्रशिक्षक सङ्घमा पनि आबद्ध हुनुहुन्छ। यसले के के काम गर्छ? विगतमा यसले केही पुस्तक प्रकाशन गरेको देखिन्थ्यो। अचेल पुस्तक प्रकाशन पनि रोकिए जस्तो छ। किन होला?**
म यसको अध्यक्ष थिएँ र अहिले सदस्य मात्र छु। यसले धेरै काम गर्न सक्छ। पाठ्यपुस्तकहरू पनि प्रकाशनमा ल्याएको छ। यसलाई बढी सक्रिय र यसका गतिविधि विस्तारित गर्न साथीहरू लाग्नुभएको छ। विगत दुई वर्षमा दुईओटा पुस्तक प्रकाशित छन्। अर्को एउटा पुस्तक प्रकाशित हुने क्रममा छ।

**तपाईं *राइजिङ नेपाल*मा लामो समय काम गर्नुभयो। त्यसै गरी राष्ट्रिय समाचार समितिको अध्यक्षसमेत बन्नुभयो। अचेल सरकारी सञ्चारमाध्यमलाई निजीकरण गर्ने भन्ने चर्चा बरोबर उठेको पाइन्छ। त्यसो गर्न जरुरी छ र? सरकारी सञ्चारमाध्यमलाई प्रभावकारी बनाउन के गर्नु पर्ला?**
निजीकरणको विषय उठेको धेरै भयो, तर कुरैमा सीमित रह्यो। यसका लागि राजनीतिक इच्छाशक्ति र प्रतिवद्धता चाहिन्छ, जसको कमी हामी सबैले भोग्दै आएका छौं। नेपालमा सरकारी सञ्चारमाध्यमको भविष्य गिर्दो छ। प्रभावकारिता पनि तीव्र गतिमा खस्कँदो छ। तर दलीय पत्रकारिताको बाहुल्यता रहेसम्म सरकारलाई पनि आफ्नै समाचारमाध्यमको आवश्यकता पर्ने हुनसक्छ।